का.जि.प्र.का.द.नं. १००/०५९/६०

वर्ष १९, अंक १८६

५ भदौं २०७८, शनिबार

21 August 2021, Saturday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# एमालेको समस्या एमाले

नेकपा एमालेबाट अलग भएर पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले नयाँ पार्टी दर्ता गरेसँगै एमाले चार टुक्रामा विभाजित हुन पुगेको छ । अहिले यिनै चार टुक्रामा विभक्त एमालेबीच एकअर्कालाई प्रमुख शत्रु देख्ने प्रवृत्ति विकसित हुन थालेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ४ भदौं ।

प्रतिनिधिसभाको सवैभन्दा ठूलो दल नेकपा एमाले छिन्नभिन्न हुन पुगेको छ । बुधबार पार्टी विभाजनको वैधानिक प्रक्रिया अगाडि बढेसँगै एमाले थप छिन्नभिन्न हुन पुगेको छ । प्रतिनिधिसभामा २७४ मध्ये १२१, राष्ट्रियसभाको ५९ मध्ये ३५, सात मध्ये ६ प्रदेशको ठूलो दल र ७५३ मध्ये २९४ स्थानीय तह जितेको एमाले अहिले चार वटा बन्न पुगेको छ ।

वैधानिक रुपमा एमालेका अध्यक्ष केपी शर्मा ओली छन् भने नयाँ दल गठन गरेका नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल छन् । माधव नेपालसँग अलग भएका ९ नेताहरु (युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, भीम रावल, घनश्याम भूसाल, गोकर्ण बिष्ट, योगेश भट्टराई, भीम आचार्य, सुरेन्द्र पाण्डे र रघुजी पन्त) ले छुट्टै गतिविधि शुरु गरेका छन् । बिहीबार साँझ संयुक्त बक्तव्य जारी गरेका यी नेताहरुले शुक्रबार केन्द्रीय सदस्यहरुसँग छलफल गरेका छन् ।

दश बुँदे सहमति कार्यान्वयन गर्दै अगाडि बढ्नुपर्ने यी नेताहरुको अडान छ । अर्को समूहको नेतृत्व उपाध्यक्ष वामदेव गौतमले गरिरहेका छन् । गएको १४ माघमा गौतमले आफ्नै नेतृत्वमा एकता राष्ट्रिय अभियान घोषणा गरेका थिए । त्यस यता उनी यो समूहको नेतृत्व गरिरहेका छन् ।

३ भदौंको दृष्य हेर्दा अब एमालेको विरोधी र प्रमुख समस्या एमाले नै बन्ने देखिन्छ । जस्तो- अध्यक्ष केपी शर्मा ओलीले भक्तपुरमा सम्बोधन गर्न पुगेका थिए । अध्यक्ष ओलीले आफूले कारबाही गरिएका १४ सांसदलाई पदमुक्त नगरिएकोमा सभामुख अग्निप्रसाद सापकोटा विरुद्ध खनिएका थिए । उनले तीन दिन अगाडि माधवकुमार नेपाल सहित १४ सांसदलाई पदमुक्त गरेका थिए । तर त्यो निर्णय संसद् सचिवालयमै अल्झिएको छ ।


सभामुख सापकोटाले पदमुक्त भएको निर्णय टाँस गरेका छैनन् । संसद् अधिवेशन नचलिरहेका बेला सूचना टाँस गरेर पदमुक्त भएको जानकारी दिने प्रचलन छ । तर सभामुखले नयाँ दल दर्ता गरेका माधव नेपाल सहित सांसदलाई पदमुक्त गरेका छैनन् ।

आफू निकटको कार्यक्रममा अध्यक्ष ओलीले माधव नेपाल तर्फ गएका नेताहरुलाई एमालेमै फर्कन आग्रह समेत गरे । नेता नेपालको नेतृत्वमा नयाँ पार्टी दर्ताका लागि निर्वाचन आयोगमा नाम लेखाएकालाई नाम काटेर एमालेको मूल प्रवाहमै फर्कन उनको आह्वान थियो ।

"यो देश बनाउने जिम्मा अहिले पनि एमालेकै काँधमा छ, त्यसैले पदको लोभमा त्यता बस्नु पर्दैन, माधव नेपालसँग नाम लेखेर निर्वाचन आयोगमा नाम दर्ता गराएका साथी नाम कटाएर पार्टीमा आउनुस्, कुनै पक्षपात नगरी पार्टीमा जिम्मेवारी दिन्छौं, जिम्मेवारी सम्हाल्न्स्", ओलीको भनाइ थियो ।

अध्यक्ष ओलीले आफूहरु सत्तापक्षमै रहेको दाबी गर्दै भने, "प्रदेश र स्थानीय तहमा एमाले बहुमतमा छ, देशभरको सरकार हेर्दा एमाले सरकारमै रहेको प्रष्ट हुन्छ, प्रदेश र स्थानीय तहमा एमालेले बहुमतको सरकार चलाइरहेकाले एमाले प्रतिपक्ष मात्र नभएर अझै सत्तापक्षमै छ ।"

अध्यक्ष ओलीको कार्यक्रम भक्तपुरमा चलिरहेका बेला बानेश्वरमा माधव नेपाल नेतृत्वमा गठन भएको नवगठित पार्टी नेकपा एमाले समाजवादीको आन्तरिक छलफल चलिरहेको बाँकी पृष्ठ २ मा





# नेपाल र ठाकुरले पार्टी नाम फेरे

**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ४ भदौं ।



सरकारले ल्याएको अध्योदशअनुसार पार्टी विभाजन गरी दर्ता भएको नेकपा एमाले (समाजवादी) र जनता समाजवादी पार्टी, नेपाल (लोकतान्त्रिक) निर्वाचन आयोगले दर्ता गर्न नमानेपछि नयाँ नाम प्रस्ताव गरिएको छ । नेकपा एमाले विभाजन गरी दर्ता भएको एमाले समाजवादीले नाम फेर्दै नेकपा (एकीकृत समाजवादी) राखेको छ ।

२ भदौमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा एमाले समाजवादी दर्ता भएको थियो । एमालेका ५८ केन्द्रीय सदस्यको हस्ताक्षर सहित दर्ता भएको एमाले समाजवादी निर्वाचन आयोगले दर्ता गर्न मानेन । एमाले राखिएकाले आयोग दर्ता गराउन तयार भएको थिएन । गएको २३ फागुनको अदालतको फैसलाले एकअर्का पार्टीको नाम उस्ताउस्तै राख्न नमिल्ने आदेश दिएको थियो ।

त्यसैअनुसार, माधव नेपालको पार्टी नाम फेर्न आयोगले आग्रह गरेको थियो । आयोगको आग्रह पछि माधव नेपालले पार्टी नाम फेर्दै एकीकृत समाजवादी राखेको छ । अध्यादेशकै उपयोग गरी जसपा विभाजन गरेका ो महन्थ ठाकुरले पनि पार्टी नाम फेरेका छन् । पार्टीको नाम परिवर्तन गरी लोकतान्त्रिक समाजवादी पार्टी बनाएको छ । यसअघि आयोगमा निवेदन दिएको जसपा (लोकतान्त्रिक) नाम परिवर्तन गरी लोकतान्त्रिक समाजवादी पार्टीको नामको दल दर्ताका लागि निवेदन दिइएको नेता केशव झाले बताए ।

जसपाको आधिकारिकता उपेन्द्र यादव पक्षले पाएपछि दलविहीन बनेको ठाकुर पक्षले गत बुधबार जसपा (लोकतान्त्रिक) दल दर्ताका लागि निवेदन दिएको थियो । यसअघि जसपा लोकतान्त्रिक पार्टी नाम राखी दल दर्ताका लागि निवेदन दिइएकोमा उक्त नाम मिल्न

> २ भदौमा दर्ता भएको पार्टी नाम राख्न निर्वाचन आयोग तयार नभएपछि माधवकुमार नेपाल र महन्थ ठाकुरको नाम फेरिएको छ । शुक्रबार दुवै पार्टीको नयाँ नाम प्रस्ताव गरिएको छ ।

गएकाले अब उपरान्त पार्टीको नाम लोकतान्त्रिक समाजवादी राख्ने निर्णय गरिनुका साथै विधान, घोषणापत्र र नियमावलीमा लोकतान्त्रिक समाजवादी पार्टी उल्लेख गरी आयोगमा पठाउने निर्णय भएको अध्यक्ष महन्थ ठाकुरद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ ।

लोकतान्त्रिक समाजवादी दलको अध्यक्षमा महन्थ ठाकुर तथा वरिष्ठ नेतामा राजेन्द्र महतो र शरतसिंह भण्डारी रहनुभएको छ । उक्त दलमा अध्यक्ष र वरिष्ठ नेतासहित ३१ सदस्यीय कार्यकारिणी समिति प्रस्ताव गरिएको छ, जसमध्ये रेशम चौधरीसहित १५ जना सांसद छन् । सरकारले राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याएलगत्तै ठाकुर पक्षका नेताहरूले नयाँ दल दर्ताका लागि निवेदन दिएका हुन् । ठाकुर पक्षले नयाँ दलको चुनाव चिह्नमा साइकल प्रस्ताव गरेको छ ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ अनुसार सबै विवरण समावेश गरी छुट्टै दल दर्ताका लागि निवेदन आवेदन गरिएको छ । पार्टीको केन्द्रीय कार्यकारिणी समितिको बैठकले यसअघिको २४ सदस्यीय कार्यकारिणी समितिको सङ्ख्या बढाएर ३१ सदस्यीय बनाउने निर्णय गरेको छ । सरकारले संसदीय दल वा केन्द्रीय समितिको २० प्रतिशत पुऱ्याएर दल विभाजन गर्न सकिने गरी अध्यादेश ल्याएको थियो । फास्ट ट्र्याकबाट दल दर्ता गराउने प्रक्रिया अगाडि बढाएको आयोगले ९ भदौमै वैधानिकता दिने तयारी गरेको छ । आयोगले ९ भदौमा सनाखतका लागि दुवै दललाई बोलाएको छ । माधव नेपालले केन्द्रीय कमिटी सदस्यको संख्या ११५ जना राखेका छन् भने ठाकुरले ३१ सदस्यीय कार्यकारिणी सदस्य राखेका छन् ।

## महालेखा प्रतिवेदन:

# चार खर्ब १८ अर्ब बेरुजु

**काठमाडौं/मस-** आर्थिक वर्ष २०७६/७७ को ५८औं वार्षिक प्रतिवेदन सार्वजनिक राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष पेश गरिएको छ । राष्ट्रपति कार्यालयमा आयोजिक समारोहमा महालेखापरीक्षक टंकमणि शर्माले नेपालको संविधानको धारा २९४ को उपधारा (१) बमोजिम वार्षिक प्रतिवेदन पेश गरे ।



महालेखापरीक्षकको कार्यालयले वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष बुझाउनुपर्ने संवैधानिक व्यवस्था छ । उक्त प्रतिवेदनअनुसार, सरकारले कारबाही गरेर टुङ्गो लगाउनुपर्ने रकम रु छ खर्ब ७६ अर्ब ४१ करोड बराबर छ । आर्थिक वर्ष २०७६/७७ सम्म बेरुजु रकम रु चार खर्ब १८ अर्ब ८५ करोड बराबर रहेको छ । सरकारले आवश्यक कारबाही गरेर उठाउनुपर्ने रकमको हिस्सा भने झन्डै रु सात खर्ब बराबरको रहेको छ । आव २०७५/७६ मा रु चार खर्ब १८ अर्ब ३२ करोड रहेको बेरुजु आव २०७६/७७ मा थप रु ५३ करोडले बढेको हो । लेखापरीक्षणबाट रु छ अर्ब १७ करोड बराबरको असुल भएको छ ।

संघीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थाको समेत रु ५३ खर्ब २७ अर्ब बाँकी पृष्ठ २ मा

वर्षातको समयमा आइपर्ने सम्भावित विपद्बाट बचौं र बचाऔं !

- बाढी, पहिरो र डुवानको जोखिम भएका वस्तीहरूको अवस्थितिबारे जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई जानकारी गराऔं ।
- विपदे जुनसुकै बेलापनि आईपर्न सक्छ, त्यसैले पूर्व तयारी र प्रतिकार्य तयारी अवस्थामा राखौं ।
- प्रत्येक टोल वस्तीहरूमा उद्दार टोली गठन गरी आवश्यक तालिमको व्यवस्था गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# अफगानिस्तानबाट नेपाली फर्कने क्रम जारी, थप १६५ स्वदेश फर्किए

**काठमाण्डौं/रासस-** अफगानिस्तानबाट उद्धार भएका थप नेपाली नागरिकको स्वदेश फर्कने क्रम जारी छ । शुक्रवार जजिरा एयरको कुवेत-काठमाडौं नियमित उडानबाट थप १६५ नेपाली स्वदेश फर्केका छन् ।

हालसम्म ४६१ नेपाली काठमाडौं आइपुगेका तथा थप नौ जना नियमित उडानबाट आज राति आइपुग्ने परराष्ट्र मन्त्रालयले जनाएको छ । उद्धार भई स्वदेश आएकाहरूमा काबुलस्थित विभिन्न कूटनीतिक नियोगमा काम गर्नेहरूका अतिरिक्त अनौपचारिक क्षेत्रमा रोजगारी गरिरहेका केही छन् ।

काठमाडौं आइपुगेकाहरूलाई अध्यागमनलगायत प्रक्रिया पूरा गरी कोभिड संकट व्यवस्थापन केन्द्रको समन्वयमा सामाखुसीस्थित सरकारले व्यवस्थापन गरेको 'होल्डिङ सेन्टर'मा स्वास्थ्य मापदण्डानुसार कोभिड-१९ को परीक्षणलगायत प्रक्रियागत काम सम्पन्न गरी आवश्यक व्यवस्थापन भएको उक्त मन्त्रालयले बताएको छ ।

'कन्सुलर' सेवा विभागको 'वेब पोर्टल'मा शुक्रवार साँझ ५ बजेसम्म ३ सय १० नेपालीले आफ्नो विवरण दर्ता गराएका उक्त मन्त्रालयका मध्य एशिया, पश्चिम एशिया तथा अफ्रिका महाशाखाका प्रमुख हरिश्चन्द्र घिमिरेले राससलाई जानकारी दिए ।

अफगानिस्तानमा फसेका नेपाली नागरिकलाई सकुशल स्वदेश फिर्तीको व्यवस्था प्रभावकारी तुल्याउन सरकारले गठन गरेको उद्धार कार्यदलका संयोजक घिमिरेका अनुसार उद्धार कार्यको सहजताका लागि कन्सुलर सेवा विभागको वेबसाइटमा रहेको अनलाइन पोर्टलमा दर्ता भएका, नेपाल राजदूतावास, नयाँदिल्लीबाट प्राप्त विवरण तथा 'सिचुएशन सेन्टर' मा नाम टिपाएका नेपालीलाई सम्पर्क गरी उनीहरू हाल रहेको स्थानअनुसार समूह सूची तयार गरेर काबुलबाट उद्धार उडान गरिरहेका मित्रराष्ट्रहरूलाई उपलब्ध गराई उनीहरूको उद्धारमा आवश्यक सहकार्य र समन्वय भइरहेको छ ।

यसैवीच अफगानिस्तानमा फसेका नेपाली नागरिकलाई सकुशल स्वदेश फिर्तीको व्यवस्था प्रभावकारी तुल्याउन तथा कोभिडको रोकथामका लागि सबै नागरिकलाई समयमै खोप उपलब्ध गराउन सरकारी सक्रियता बढाउन मानव अधिकार तथा शान्ति समाजले आग्रह गरेको छ ।

गृहमन्त्री बालकृष्ण खाँणलाई शुक्रबार कार्यकक्षमा भेटेर समाजका सभापति गोविन्द खनाल नेतृत्वको प्रतिनिधिमण्डलले अफगानिस्तानमा विकसित पछिल्लो घटनाक्रमका कारण त्यहाँ अलपत्र परेका सबै नेपाली नागरिकहरुको उद्धार र सकुशल नेपाल फिर्तीका लागि अन्य मुलुकहरुसँग समन्वय र सहकार्य गर्न तथा कोभिडको महामारीबाट जोगाउन सबै नेपाली नागरिकलाई यथाशक्य चाँडो खोपको व्यवस्था गर्न अनुरोध गरेको हो ।

उता जिल्ला प्रशासन कार्यालय सुर्खेतले अफगानिस्तानमा रहेका नागरिकलाई सम्पर्कमा आउन आग्रह गरेको छ । प्रशासनले कामको सिलसिलामा अफगानिस्तान पुगेका जिल्लाका नागरिकलाई एक हप्ताभित्र सम्पर्कमा आउन अनुरोध गरेको हो । बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# एनआरएनए विश्व सम्मेलनका लागि समिति गठन

**काठमाडौं/रासस-** आगामी कात्तिक ६ देखि ८ गतेसम्म राजधानीमा आयोजना हुने गैरआवासीय नेपाली संघको दशौं विश्व सम्मेलन सफलतापूर्वक सम्पन्न गर्न परराष्ट्रमन्त्रीको अध्यक्षतामा २० सदस्यीय उच्चस्तरीय आयोजक समिति गठन भएको छ ।

समितिमा राष्ट्रिय योजना आयोगका सदस्य, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, परराष्ट्र सचिव, विभिन्न मन्त्रालयका सचिव, लगानी बोर्ड नेपाल, नेपाल राष्ट्र बैंक, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, गैरआवासीय नेपाली संघलगायत सरोकारवाला निकायका उच्च अधिकारी प्रतिनिधि रहनुभएको परराष्ट्र मन्त्रालयले बताएको छ । बाँकी पृष्ठ २ मा

# स्वास्थ्य मापदण्डको पालना गर्दै कक्षा १२ को परीक्षा सञ्चालन गर्न आग्रह



**काठमाडौं/मस–** सांसद्ले कक्षा १२ को परीक्षा पटकपटक रोकिँदा विद्यार्थीमा नकारात्मक असर परेको भन्दै स्वास्थ्य मापदण्डको पालना गर्दै परीक्षा सञ्चालन गर्न सरकारलाई अनुरोध गरेका छन् । प्रतिनिधिसभा, शिक्षा तथा स्वास्थ्य समितिको शुक्रबार बसेको बैठकमा समितिका सदस्यले अरु परीक्षा सञ्चालन भइरहेको र बजारमा भीड नरोकिएकाले एउटा कक्षाको मात्रै परीक्षा रोकिन नहुने औंल्याएका छन् । समितिका सदस्य मानबहादुर विश्वकर्माले देशभित्रैका विश्वविद्यालयका र अन्तरराष्ट्रिय बोर्डका परीक्षा सञ्चालन भइरहेकाले १२ कक्षाको मात्रै रोकिन नहुनेमा बताए । परीक्षा दिनका लागि जिल्लाबाट काठमाडौं आएर बसेका विद्यार्थी पटकपटक परीक्षा रोकिँदा निरास भएको उनको भनाइ छ ।

समितिका सदस्य सुरेन्द्रकुमार यादवले इञ्जिनीयरिङ क्याम्पसले विद्यार्थी कलेज नगएर घरघरमा बसेर पढ्दा पनि खेलकूद, भ्रमणलगायतका शीर्षकमा शुल्क लिने गरेकाले त्यसको नियमन हुनुपर्ने बताए । समितिका सदस्य गिरिराजमणि पोखरेलले कोभिड संक्रमण तत्काल हट्ने नदेखिएकाले स्वास्थ्य मापदण्डको पूर्णपालना गर्दै परीक्षा सञ्चालन गर्नुको विकल्प नभएको बताए ।

समितिका सदस्य हितबहादूर तामाङले जनस्वास्थ्यका विषयमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय नै जिम्मेवार भएपनि कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सिसिएमसी) का कारण मन्त्रालयले आफ्नो विवेकको प्रयोग गर्न नपाएको बताए । समिति सदस्य जीवनराम श्रेष्ठले सिसिएमसीले सरोकार राख्ने निकायसँग सल्लाह नै नगरी परीक्षा रोक्ने निर्णय गर्दा लाखौं विद्यार्थीको भविष्य अन्यौलमा धकेलिएको औंल्याए ।

समितिका सदस्य सुरेशकुमार राईले सिसिएमसी एकाधिकारवादी भएको भन्दै यसमा सबै मन्त्रालयको मन्त्रीको प्रतिनिधित्व हुने गरी पुनःगठन हुनुपर्नेमा जोड दिए । समिति सदस्य नमिता चौधरीले काठमाडौंलगायतका शहरी क्षेत्रमा लोडसेडिङको समस्या र ग्रामीण क्षेत्रमा सबैतिर इन्टरनेटको पहुँच नभएकाले सबै क्षेत्रमा अनलाइन परीक्षा सम्भव नहुने बताए । समिति सदस्य एकवाल मियाँले कक्षा १२ को परीक्षा एउटै चरणमा नसके एकभन्दा बढी चरणमा लिन सकिने बताए । समितिकी सभापति जयपुरी घर्तीले सबै परीक्षा नियमित हुने र कक्षा १२ को मात्रै स्थगित हुने घटनालाई समितिले गम्भिररुपमा लिएको बताइन् । यो परीक्षालाई राज्यले गम्भिररुपमा लिन नसकेको उनको आरोप छ । सबै किसिमका तयारी पूरा गरेर परीक्षा लिने वातावरण बनाउनुपर्नेमा उनको जोड छ । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष प्राडा चन्द्रमणि पौडेलले कक्षा १२ को परीक्षाको सबै तयारी हुँदा परीक्षा स्थगित गर्नुपरेको बताए । भौतिक दूरी कायम गर्दै स्वास्थ्य मापदण्ड पालना हुने गरी परीक्षा लिन लागिएकामा अन्तिम समयमा रोकिँदा विद्यार्थीमा नकारात्मक असर गरेको उनको भनाइ छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामप्रसाद थपलियाले परीक्षाको सबै तयारी बोर्डले गरेपनि सिसिएमसीले अन्तिम घडीमा प्रश्न गरेकाले स्थगित गर्नुपरेको बताए । यसैबीच शुक्रबार नेपालमा थप तीन हजार ४२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । नयाँ बिरामी थपिएसँगै देशभर संक्रमितको संख्या सात लाख ४४ हजार ३०७ पुगेको छ । थप १० हजार ५३० जनाको पीसीआर परीक्षण तथा सात हजार १२४ जनाको एन्टिजेन विधिबाट कोरोना परीक्षण गरिएको थियो । पीसीआर विधिबाट दुई हजार ७९ तथा एन्टिजेनबाट ९६३ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

हालसम्म छ लाख ९३ हजार ५४३ जना कोरोनाबाट मुक्त भइ घर फर्किएका छन् । पछिल्लो २४ घण्टामा देशभर दुई हजार २४४ संक्रमित निको भएर घर फर्किएका छन् । निको हुने दर ९३ दशमलव एक प्रतिशत रहेको छ । हाल देशभर सक्रिय संक्रमितको संख्या ४० हजार ३०९ रहेको छ । शुक्रबार देशभर एक लाख ८० हजार २८ जनाले कोरोनाविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ । हाल देशभर ७१४ संक्रमितको सघनउपचार कक्षमा तथा १७१ संक्रमितको भेन्टिलेटरमा उपचार भइरहेको छ ।

# कपिलवस्तुमा मोहर्रम पर्वको रौनक

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, ४ भदौ



कपिलवस्तुमा इस्लाम धर्मावलम्बी मुस्लिमहरुको महान चाड मोहर्रम हर्सोलासका साथ मनाउन शुरु गरिएको छ । इस्लामी नयाँ वर्ष १४४३ हिजरीको सुरुआतसँगै तामझामका साथ मनाइने सो पर्व दश दिनसम्म विभिन्न कार्यक्रम गरी मनाउने गरिन्छ ।

शुक्रबारदेखि लगभग १३८२ वर्ष पहिला सन् ६१ हिजरीमा जब ईस्लाम माथि एजिदोनेले हमला गरे अर्थात एजिदीहरु जुन ईस्लाम जायज जसलाई नजायज बनाउनलाई जुन हराम छ । उसलाई हलाल (राम्रो) गर्नलाई अच्चछाई (सत्यता) छ त्यसलाई मेटाउनलाई एउटा एजिद नामका मानिस जुन हजरत अमिर माबियाको छोरा इजिद थियो ।

जब यो कुरा गरे त्यतिबेला मक्का मदिना दमिस्क एहाक र त्यसको अलावा देशमाथि उसले जबरजस्ती हुकुमुत गर्न थाले । जब एमामे हुसेनले उसको खिलाफ आवाज उठाउन थाले एमामे हुसेन जुन इस्लामको धर्म गुरु हजरत सल्लाहो ताला वोय वसल्लम को (नेवासा) छोरी को छोरा जमिए एजिदले एमामे हुसेनसँग वाएत (समर्थन) गर्न भने कि मेरो पछाडि तिमी हिडँ, तब एमामे हुसेनले त्यसको कुरा मानेनन् ।

एजिद एउटा जालिम, जाबिर, जनाकार, सराबी, बुराईलाई अगाडि बढाउने मान्छे थियो । त्यसकारण एमामे हुसेनले उसको समर्थन नगर्न भनेपछि मुलके एराक एउटा शहर कोफाको नजिक जुन फरात नदीको किनारमा एउटा मैदान थियो जसको नाम करबला थियो ।

उक्त ठाउँमा धोका दिएर एमामे हुसेनलाई बोलाएर १० मोहरममा उनीसँग लडाईं भयो । एमामे हुसेनसँग बच्चा, आईमाई तथा बुढा पाखाहरु मिलाई ७२ जना थिए भने एजिदसँग २२ हजार जनाको फौज थियो । दुई पक्षबीच लडाईं भयो र जसमा धेरै जनाको मृत्यु भएको कपिलवस्तुको एमाम जमा मस्जिद तौलिहवाका हजरत जनाब मौलाना अलि हसन निजामीले जानकारी दिए । उक्त लडाईंमा एमामे हुसेन पनि शहीद भएका थिए । यस कारण इस्लामिक मोर्हरमको १० तारिख जुनकी अरबी वर्षको पहिलो महिना हो । यसमा मुस्लिम समुदायका एक मुस्लिमहरु उनको यादमा व्रत बसी इस्लाम ग्रन्थको कुरान सरिफ पढी यस दिनमा आँसु पोख्दै दुःखका साथ जुन तरिकाले एमामे हुसेन शहीद भएका थिए । करबलाको मैदानमा त्यसैको सम्झनामा लाखौं लाख रुपैयाँको तहाजिया बनाई दुःखका साथ करबलाको मैदानमा लैजाने गरेको निजामीले बताए । यसमा हिन्दु धर्मावलम्बी पनि उनीप्रति आस्था राखी दुःखका साथ करबलामा जने गरेका छन् । हिन्दु धर्मावलम्बीहरुले पनि मुस्लिम धर्मालम्बीहरु जत्तिकै यस चाडपर्व मोहर्ररमलाई हर्सोलासका साथ मनाउने गरेका छन् ।

# अब माओवादीको ठूलो पंक्ति हाम्रो पार्टीमा प्रवेश गर्नेछः महेश बस्नेत

**काठमाडौं/मस–** प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का प्रभावशाली नेता, सांसद तथा पूर्वमन्त्री महेश बस्नेतले प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र प्रतिनिधिसभाका सभामुख अग्निप्रसाद सापकोटा आफ्नो पार्टीलाई कमजोर बनाउने काममा लागेको गम्भीर आरोप लगाएका छन् । तर, एमाले कमजोर पार्ने देउवा, दाहाल र सापकोटा तीनै जनालाई आगामी दिनमा महँगो पर्ने उनको चेतावनी छ ।

शुक्रबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा बोल्दै नेता बस्नेतले भने,'एमालेलाई कमजोर बनाउने काममा यो सरकार व्यस्त छ । अध्यादेश जुन आएको छ, यसले त्यही पुष्टि गरेको छ । एमालेले कारबाही गरेका १४ जना सांसदलाई अहिलेसम्म पदमुक्त गरेको सूचना सभामुखबाट प्रकाशन गरिएको छेन् । अध्यादेश ल्याउनुको मुख्य उद्देश्य एमाले विभाजन गर्नेमात्रै देखियो ।'

नेता बस्नेतले अध्यादेश ल्याउनुको अर्को उद्देश्य भनेको आगामी निर्वाचनमा कांग्रेसलाई बहुमतमा पुर्‍याउने षड्यन्त्र रचिएको सुनाए ।

## एमालेको ...

थियो । दिनभर जसो आन्तरिक छलफल चल्यो । माधव नेपालले नयाँ पार्टीको केन्द्रीय कमिटी देखि अन्य संरचना निर्माण गर्न जुटेका छन् । अर्का उपाध्यक्ष गौतमले आफ्नो नेतृत्वमा रहेको राष्ट्रिय एकता अभियानको बैठक बिहीबार नै राखेका थिए । गौतमले एकता प्रक्रियालाई नै जोड दिने र डेढ वर्षभित्र एकता गराइछाड्ने संकल्प प्रस्तुत गरे ।

## अफगानिस्तानबाट...

नेपाली नागरिकको सुरक्षित उद्धार गर्ने नेपाल सरकारको निर्णयानुसार सुर्खेत घर भई अफगानिस्तान पुगेका नागरिकलाई नेपाल फिर्ता हुन चाहेमा परिवारमार्फत छिट्टै सम्पर्क गर्न सूचना जारी गरिएको सहायक प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतले जानकारी दिए ।

'सुर्खेतबाट औपचारिक तथा अनौपचारिक माध्यमबाट अफगानिस्तान गएका व्यक्तिको उद्धारका लागि हामीले विवरण संकलन कार्य शुरु गरेका छौं', सहायक प्रजिअ महतले भने, 'यसका लागि अफगानिस्तानमा रहेका व्यक्तिका परिवारले प्रशासनमा आएर विस्तृत विवरण उपलब्ध गराउनुपर्नेछ ।' उनका अनुसार अफगानिस्तानमा रहेका व्यक्तिका परिवारले यही भदौ १० गतेसम्म विस्तृत विवरण टिपाउन भनेर सूचना प्रकाशन गरिएको छ ।

## एनआरएनए...

सरकारले विदेशमा रहेका नेपालीहरूको ज्ञान, सीप, पूँजी, प्रविधि, सम्पर्क सञ्जाल र पहुँचलाई नेपालको आर्थिक-सामाजिक विकासमा परिचालन गर्ने नीतिलाई उच्च प्राथमिकता दिएअनुरूप सङ्घको विश्व सम्मेलनलाई प्रत्येकपटक उच्चस्तरीय आयोजक समितिमार्फत सहयोग गर्दै आएको छ । हरेक दुई वर्षको अन्तरालमा गैरआवासीय नेपाली संघको विश्व सम्मेलन नेपालमा हुँदै आएको छ ।

## महालेखा...

९१ करोड बराबरको लेखापरीक्षण गरिएको महालेखापरीक्षकको कार्यालयले जनाएको छ । त्यस मध्ये तीन हजार ७९ सरकारी निकाय र एक हजार १९ कार्यालयको रु १५ खर्ब ५५ अर्ब ८१ करोड बराबरको लेखापरीक्षणबाट रु ४४ अर्ब ३९ करोड, प्रदेश निकाय र कार्यालय गरी कूल एक हजार १९ को रु दुई खर्ब ३७ अर्ब ४१ करोडको लेखापरीक्षणबाट रु ६ अर्ब ५० करोड बेरुजु देखिएको छ ।

महालेखाले स्थानीय तहको रु आठ खर्ब १५ अर्ब ९९ करोडको लेखापरीक्षणबाट रु ४० अर्ब ८३ करोड बराबरको बेरुजु देखिएको उल्लेख गरेको छ । कूल ८१ सार्वजनिक संस्थातर्फ रु २५ खर्ब ५५ अर्ब १३ करोडको लेखा परीक्षण गरिएको छ । लेखापरीक्षणका क्रममा वित्तीय प्रशासन, आर्थिक अनुशासन, कोरोना महामारीमा सार्वजनिक खर्च कटौती र उपयोग, मितव्ययिता एवं कार्यदक्षता प्रवर्द्धन, भ्रष्टाचार न्यूनीकरण, विकास निर्माण र खरिद प्रक्रियामा मितव्ययिता र पारदर्शिता, सेवा प्रवाहमा समस्या रहेको ठहर गरेको छ ।

सार्वजनिक संस्थाको कुशल सञ्चालन सूचना प्रविधिको प्रयोग, सामाजिक सुरक्षा र संरक्षण, सार्वजनिक स्रोतको उपयोग, संसदीय समिति र सरोकारवालासँगको सम्बन्ध, प्रदेश र स्थानीय तहको वित्तीय व्यवस्थापन जस्ता विषयमा देखिएको व्यहोरालाई स्वतन्त्रपूर्वक विश्लेषण गरिएको प्रतिवेदनमा उल्लेख छ ।

# अपाङ्गता भएका व्यक्तिको आकस्मिक सेवामा पहुँचका लागि मोबाइल एप




**काठमाडौं/मस–** अपाङ्गता भएका व्यक्तिका लागि लक्षित गरी 'बचाउ' नामक मोबाइल एपको सुरुवात गरिएको छ । युएसएआइडीको तयार नेपाल परीयोजनाको सहयोगमा 'अतुल्य फाउण्डेसन' ले तयार पारेको सो एप्लिकेशन बहिरा र सुस्त श्रवण भएका व्यक्तिलाई लक्षित गरीएको हो । सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई आकस्मिक सेवामा सहयोग पुग्ने बताइएको छ । सो एप्लिकेशनमार्फत बहिरा र सुस्त श्रवण भएका व्यक्तिले आफूलाई परेको समस्याका बारेमा एपमार्फत प्रहरी, दमकल वा एम्बुलेन्सलाई जानकारी गराउन सक्ने छन् ।

एप्लिकेशनमार्फत सहयोगका लागि अपील गर्दा प्रहरीले सहयोग आवश्यक पर्ने व्यक्ति रहेको वा घटना भएको स्थानसमेत जानकारी पाउने भएकाले सहजिकरणका लागि छिटो हुने अपेक्षा गरीएको छ ।

एप सार्वजनिक कार्यक्रममा फाउण्डेसनका अध्यक्ष पल्लव पन्तले नेपालका सरकारी र गैरसरकारी निकाय अपाङ्गमैत्री नभएको अवस्थामा सानो प्रयासस्वरुप बचाउ एप सार्वजनिक गरेको बताए । उनले विपद् व्यवस्थापनमा प्रविधिको प्रयोग गर्दा अपाङ्गता भएका मात्र नभइ सबैलाई यो फलदायी हुने बताए । उनले प्रविधिसँग अपाङ्गता भएका व्यक्तिलाई विपदको जोखिमबाट बच्न र न्यूनिकरण गर्न सहज हुने अपेक्षा लिएको बताए । अध्यक्ष पन्तले नेपालमा अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा नयाँ प्रयोग भएको बताए । कार्यक्रममा गृह मन्त्रालयको विपद् व्यवस्थापन महाशाखाकी प्रमुख हुमकला पाण्डेले प्रविधिको प्रयोगले विपद्मा परेका मानिसको सहयोग गर्न प्रभावकारी हुने बताए । कार्यक्रमका सहभागीहरुले प्रविधिको प्रयोगमा अपाङ्गता भएका व्यक्तिहरु प्राय सक्षम नहुने भएकाले संकेत वा चित्रहरुको प्रयोगबाट पनि सहजै सूचना प्रवाह गर्न जोड दिनुपर्ने बताए । उनीहरुले नेपाल प्रहरी, एम्बुलेन्स र दमकललगायतका आपतकालीन सहयोग गर्ने निकायबीच सूचनामा समन्वय गर्न सके सूचना प्रवाह अझै प्रभावकारी हुने धारणा राखे । आपतकालीन अवास्थामा विभिन्न निकायमा खबर गरेर विपद् वा अन्य जुनसुकै समस्यामा पनि सहयोग पाइन्छ भन्नेबारेमा सचेतनाको आवश्यक रहेकोमा उनीहरुले जोड दिए । बेटा भर्सनमा उपलब्ध सो एप चाँडै नै परिस्कृत गरेर पूर्ण रुपमा सञ्चालनमा ल्याइने फाउण्डेसनले जनाएको छ ।


## साउदीमा रोजगार | १. कम्पनीः SODFA CAFE TO SERVE DRINKS शहर : Jeddah

पुर्व स्वीकृत मितिः २०७८/०५/०४ चलानी नं.: ६०१६१७५६ L.T. No.: 244143

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee And Tea Maker | 3 | 0 | स. काममा दक्ष | 1200 | ३७,९०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः ALLOUSH GRILL RESTAURANT TO SERVE MEALS शहर : Riyadh

पुर्व स्वीकृत मितिः २०७८/०५/०४ चलानी नं.: ६०१६१७५८ L.T. No.: 244125

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः FRESH FRUITY JUICES TO SERVE DRINKS शहर : Saudi

पुर्व स्वीकृत मितिः २०७८/०५/०४ चलानी नं.: ६०१६१७५९ L.T. No.: 244225

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fruit Juice maker | 1 | 0 | स. काममा दक्ष | 1200 | ३७,९०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनीः TRWEEQ CORNER FAST FOOD RESTAURANT शहर : Saudi

पुर्व स्वीकृत मितिः २०७८/०५/०४ चलानी नं.: ६०१६१७५५ L.T. No.: 244145

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १२ गते (28 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

अल-हरमैन एच.आर. प्रा. लि.
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौं, नेपाल, फोनः ०१-४११०९१२
Email: alharmainhr@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np



## कतारमा रोजगारको अवसर | कम्पनी : FORMA FIBER GLASS शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/०४ चलानी नं.: ६०१६१७६३ L.T. No.: 244195

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machine Operator | 4 | 0 | स. काममा दक्ष | 1900 | ६०,८३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १२ गते (28 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Mac International Manpower Pvt. Ltd.
श्रम इजाजत नं. १०७७/०७३/०७४
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal
Tel-: +977-1- 4489970, 4489920, Email: macintlmanpower@gmail.com
Website : www.macintlmanpower.com



## कतारमा रोजगार | कम्पनीः LARSEN AND TOUBRO LIMITED (INDIA) शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/04 चलानी नं.: ६०१६१७५३ LT. No.: 244245

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant | 30 | 0 | स. काममा दक्ष | 1000 | ३२,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ १२ गते (28 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Sufi International Services Pvt. Ltd.
Gov. Lic. No. 796/065/066
Sinamangal-9, Manpower Bazaar, Kathmandu, Nepal, Tel No.: +977-1-4469691, 4469692
E-mail: sufiinternationalservice@gmail.com , sufiintlpvt@gmail.com



## कतारमा रोजगार | १. कम्पनीः ALFA COSMO TRADING , शहरः DOHA

पुर्व स्वीकृत मितिः २०७८/०५/०१ चलानी नं.: ६०१६१५४१ LT. No.: 243969 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ७०,४४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 1 | 0 | | 1300 | ४१,६२६ | | | | | | | |

२. कम्पनीः PRO DESIGN शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७७/११/२३ चलानी नं.: ६०१५५१२६ LT. No.: 236747 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,४२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 2 | 0 | | 1200 | ३८,४२४ | | | | | | | |
| 3. | Pipe Fitter | 2 | 0 | | 1200 | ३८,४२४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १२ गते (28 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १को निःशुल्क क.नं. २ को रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Mobhira Recruitment Consultancy services (P.) Ltd.
श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोनः ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०, ९८०१०८५६३९
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com

# प्रधानमन्त्री देउवाद्वारा कुम्भेश्वर मन्दिरको उद्घाटन



**मध्यान्ह संवाददाता**
ललितपुर, ४ भदौ

प्रधानमन्त्री शेरबहादुर देउवाले कुम्भेश्वर (सर्वेश्वर) मन्दिरको उद्घाटन गरेका छन् । बिसं २०७२ सालको विनाशकारी भूकम्पले क्षतिग्रस्त मन्दिर परिसरमा कुम्भेश्वर महादेव र मन्दिरको गजुरको पुजा गरी प्रधानमन्त्री देउवाले मन्दिरको उद्घाटन गरेका हुन् ।

पाँचतले सो मन्दिरको कुम्भेश्वर महादेवका पुजारी माधव श्याम शर्माले मन्त्रो उच्चारण गरेका थिए । शुक्रबार बिहान ११ बजेको शुभ साइतमा प्रधानमन्त्री र उनकी धर्मपत्नी आरजु देउवा राणाले पुजा अर्चना गरेका थिए । बैशाख १२ र २९ गते आएको भूकम्पले मन्दिरको तीन तला क्षतिग्रस्त भएको थियो ।

यसअघि नेपाली कांग्रेसका सभापतिको हैसियतमा बिसं २०७४ साल बैशाख ३० गते प्रधानमन्त्री देउवाले नै मन्दिरको क्षमा पुजा गरेका थिए । क्षमापुजा गरी जिर्णोद्धार शुरु गरेको ४ वर्षपछि मन्दिरको पुनर्निर्माण सम्पन्न भएको हो । मन्दीर जिर्णोद्धार समितिका संयोजक एवं कुम्भेश्वर टोल सुधार समितिका संयोजक अरोजकुमार खड्गीले करिब २ करोड ८२ लाख रुपैयाँ लागतमा जिर्णोद्धार सम्पन्न भएको जानकारी दिए । लकडाउन र निर्माण समग्रीको अभावका कारण जिर्णोद्धारमा ढिलाई भएको उनले बताए । समितिको निरन्तर सहयोगका कारण ठेकेदार कम्पनीलाई जिर्णोद्धार सम्पन्न गर्ने केही सहज भएको संयोजक खड्गीको भनाइ छ । पुरातत्व विभागले धर्मएस तुल्सी ड्रामा जेभि ललितपुरलाई ठेक्का दिएको थियो । मन्दिर जिर्णोद्धार समितिको संयोजकहरुमा टोल सुधार समितिका अरोजकुमार अध्यक्ष खड्गी, कुम्भेश्वर मन्दिरका पुजारी माधव श्याम शर्मा र बंगलामुखी मन्दिरका द्योपाला पुष्प कपाली रहेका थिए ।

उद्घाटन समारोह अवधिभर मन्दिरका भजन मण्डलले परम्परागत बाजा बजाएका थिए । मन्दिर उद्घाटन लगत्तै प्रधानमन्त्री देउवा र उनकी पत्नी आरजु देउवालगायतले कुम्भेश्वर मन्दिर परिसरमा रहेको बंगलामुखीलगायत मठ मन्दिरको दर्शन गरेका थिए । पुजापछि प्रधानमन्त्री देउवाले निर्माण समितिले तयार गरेको शिलापत्र अनावरण गरेका थिए ।

# चाँगुनारायण साहित्यिक समाजको १८ औं श्रृङ्खला सम्पन्न



**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
भक्तपुर, ४ भदौ

भक्तपुर चाँगुनारायण साहित्यिक समाजको १८ औं साहित्यिक श्रृङ्खला तथा विशेष रचना वाचन कार्यक्रम औद्योगिक क्षेत्र भक्तपुरको सभाहलमा सम्पन्न भएको छ ।

चाँगुनारायण साहित्यिक समाजद्वारा आयोजित घुमन्ते साहित्यिक कार्यक्रममा विशेष अतिथि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका बलराम बोगटीले समाजमा रहेका विकृति विसंगतिलाई साहित्यको माध्यमबाट चिर्ने काम सजिलो नभएको र यस्तो कार्यक्रमले विभिन्न पेसा व्यवसायमा लागेकाहरुलाई पनि उत्साहित बनाएको बताए ।

कार्यक्रममा सभापति लालबहादुर भुजेलले कोरोनाको कारणले समाजको गतिविधिमा केहि कमि आएपनि सदस्य साथीहरुको सद्भाव र सकृयताले संस्थालाई प्राण दिन सकेकोले छिट्टै नै साधारणसभा गर्ने र नयाँ कार्ययोजना बनाएर अगाडि बढ्ने बताए ।

कार्यक्रममा कविरु छन्द विज्ञान निरौला(सुँडाल), रामशरण न्यौपाने, बसन्ती भुजेल, बसन्त नकर्मी, तेजकष्ण श्रेष्ठ, केशब रुपाखेती, लक्ष्मी थापा (सल्लाघारी)कृष्ण प्रसाद भण्डारी (दुवाकोट) लगायत दर्जनौं कविहरुले कविता वाचन गरेका थिए ।

# भीमदत्तमा कांग्रेस सम्बद्ध शिक्षक र प्रहरीबीच झडप



**गोमती पाल/ मध्यान्ह**
कञ्चनपुर, ४ भदौ

भीमदत्त नगरपालिकाको शिक्षक दरबन्दी मिलानविरुद्ध आन्दोलित कांग्रेस सम्बद्ध शिक्षकहरुको आन्दोलनमा शुक्रबार प्रहरीसँग झडप भएको छ ।शिक्षकहरुको आन्दोलनमा ऐक्यबद्धता जनाउँदै कांग्रेस नेता कार्यकर्ताले नगरपालिका कार्यालयमा तालाबन्दी गर्न खोज्दा झडप भएको हो । झडपमा काग्रेसका नेता कार्यकर्ता र प्रहरीसमेत घाइते भएका छन् । कांग्रेस नेता कार्यकर्तालाई ताला लगाउन नदिएपछि उनीहरुले सुरक्षाकर्मी र नगर प्रहरीमाथि आक्रमण गरेका हुन् ।

प्रत्यक्षदर्शीहरुका अनुसार उनीहरुले प्रहरी लाठी खोसेर हातपात गरेका थिए । झपडमा कांग्रेस नेतृ एवं भीमदत्त नगरपालिकाकी न्यायिक समिति सदस्य सन्तोषी ऐरी घाइते भएकी छन् । वडा प्रहरी कार्यालयका इन्चार्ज प्रहरी निरीक्षक अमर माफीलाई हातपात गरिएको छ । झडपमा प्रहरी निरीक्षक माझीसहित नगर प्रहरीहरु रिता जोशी, सन्तोष डगौरा, दिपिश शाह, आशोक कुँबर, अनुकरण कठायत लगायत घाइते भएका छन् । सशस्त्र प्रहरीलाई कांग्रेस नेता कार्यकर्ताले धर्ना स्थलमा लखेटेका हुन् । शिक्षक संघसहित नेपाल विद्यार्थी संघका किसन भट्ट, इन्द्र बहादुर साउँद र अच्युत कलौनी लगायतको नेतृत्वमा कार्यालयमा बिहान तालाबन्दी गर्न थालिएको थियो ।

सुरक्षाकर्मीले तालाबन्दी गर्न नदिएपछि झडप हुन पुगेको हो । नगरपालिका कार्यालयमा तालाबन्दी गर्न कांग्रेसको भीमदत्त नगर सभापति पदमराज अवस्थी, गोकुलदेब जोशी, वडा अध्यक्षहरु कृष्ण सिंह देउपा, लाल बहादुर शाही, अधिकारकर्मीहरु शारदा चन्द, लक्ष्मी मल्ल, मिना भण्डारी लगाएतको सहभागिता रहेको थियो । झडपपछि नगरपालिकामा व्यापक रुपमा सुरक्षाकर्मी परिचालन गरिएका छन् ।

नगरपालिकाको शिक्षक दरबन्दी मिलानविरुद्ध शिक्षक संघ एक महिनादेखि आन्दोलनमा छ । भीमदत्त नगरपालिकाका नगर प्रवक्ता हिमाल बहादुर चन्दले शिक्षक दरबन्दी मिलानलाई अनावश्यक रुपमा राजनीतिकरण गरी विवादित बनाउन खोजिएको बताए । 'कमजोरी छन् भने छलफल र वार्ता गरी हल गर्न सकिन्छ' उनले भने,' कार्यालयमा ताला लगाउने, कुटपिट गर्ने यस्ता अराजनीतिक कार्यले यसलाई विवादित बनाउने भन्दा अरु कार्य गर्दैन ।'

# पहिरोले थुनिएको नदी खुलाइयो



**तरुणा जोशी/मध्यान्ह**
बझाङ, ४ भदौ

बझाङमा पहिरोले थुनिएको नदी खुलाइएको छ । अहिले नदी खुलाइएपछि बग्न थालेको छ । बझाङ जिल्लाको बुंगल नगरपालिका वडा नम्बर ६ र ७ मा पर्ने आठपालिचौर झारकाँडामा पहिरो जाँदा सानिगाड थुनिएको थियो ।

पहिरो माथिबाट पानी बग्न थालेपछि हाललाई जोखिम केही कम भएको जिल्ला प्रहरी कार्यालय बझाङका प्रमुख प्रहरी नायब उपरीक्षक रुपक खड्काले बताए । उनका अनुसार सानिगाड र कालङ्गा नदी छेउछाउका बस्तीमा सतर्कता अपनाउन आग्रह गरिएको छ ।

शुक्रबार बिहान ११ बजे गएको पहिरोले सानिगाड थुनिएको जिल्ला प्रहरी कार्यलय बझाङले जनाएको छ । ३ गतेदेखि परेको अविरल वर्षापछि आएको पहिरोले दुई घर समेत पुरिएका छन् ।

पहिरोले बुंगल नगरपालिका वडा नम्बर ६ का स्थानीय बले धामी र नरेन्द्र धामीको घर पूर्ण रुपमा क्षति भएको प्रहरी नायब उपरीक्षक खड्काले जानकारी दिए ।

पहिरोमा परि मानविय क्षति भने भएको छैन । प्रहरी नायब उपरीक्षक खड्काले भने, 'पहिरोमा परि बले धामीका तीन भैंसी, ३ गोरु, ७ बाखा, लत्ता कपडा खाने अन्न सबै नष्ट भएको छ । यस्तै नरेन्द्र धामीका चार गाई, दुई गोरु र धने दमाइका दुई गाई मरेका छन् ।'


## साउदीमा वैदेशिक रोजगार | कम्पनी : AL ENJAZ TRADING AND CONTRACTING COMPANY

शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०५/०१ चलानी नं.: ६०१६१५३७ Lt. No.: 243951

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scraper Driver (Grader) | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Drenched Driver | 5 | 0 | | 2500 | ७९,००० | | | | | | | |
| 3. | Bulldozer Driver | 5 | 0 | | 2500 | ७९,००० | | | | | | | |
| 4. | Leveling Mechanism Driver | 3 | 0 | | 2500 | ७९,००० | | | | | | | |
| 5. | Truck Driver | 37 | 0 | | 1800 | ५६,८८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १२ गते (28 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Govt. License No.: 1307/074/075

**TOKIYO OVERSEAS PVT. LTD.**
Airport, Manpower Bazar, Road No. -2, Kathmandu, Nepal, Tel +977-1-4494008
E-mail: tokiyomanpower.2020@gmail.com | Web: www.tokiyooverseas.com.np
Mobile No.: 9802045672 (Surin Gautam) 9802045674 (Basanta Khatiwada)

## साउदीमा रोजगारको अवसर | कम्पनी :MODERN WOOD PRODUCTS

शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०५/04 चलानी नं.: ६०१६१६९८ LT. No.: 244092

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painting Wooden Furniture | 1 | 0 | | 1200 | ३७,९०८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ १२ गते (28 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: १०९०/०७३/०७४

**NEW ALFA H.R. SERVICES PVT. LTD.**
Maharajgung-3, Kathmandu | Tel: 9851091508, 01-4721183, 01-4721184
E-mail: newalfahrs@gmail.com | Web.: www.newalfahrs.com

## SAUDI मा रोजगार | कम्पनी : MBS GENERAL CONTRACTING EST.

शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०३/१० चलानी नं.: ६०१५९१७२ L.T. No.: 241432 पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५६,८६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour/Worker | 1 | 0 | | 1500 | ४७,३८५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १२ गते (28 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**सन हिल्स ओभरसिज सर्भिसेज प्रा. लि.**
छाउनी मार्ग, सितापाईला, काठमाडौं, फोनः ०१-५९०४०५८
Gov.Lic. No. 818/066/067 Email : sunhillsoverseas@gmail.com, info@sunhillsoverseas.com, Web: sunhillsoverseas.com

## साउदीमा रोजगार | १. कम्पनी : RENAISSANCE AND DEVELOPMENT FOUNDATION

शहर: Riyadh

स्वीकृत मितिः२०७८/०३/१५ चलानी नं.:६०१५९३४४ L.T. No.: 241292 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborers | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Driver | 1 | 0 | | 2000 | ६३,१८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ १२ गते (28 August 2021) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निशुल्क |

**युनाईटेड प्लेसमेन्ट एण्ड इम्प्लोईमेण्ट सर्भिस प्रा. लि.**
पो.ब.नं. ८९७५, इपिसी १८२१, गोंगबु, काठमाडौं, नेपाल, फोनः ४३८३९१३
श्रम इजाजत नं. ४४/०४९/०५०
E-mail: info@upesoverseas.com, upesoverseas@vianet.com.np

## साउदीमा रोजगार | कम्पनी : ABDUL AZIZ ABD RUB AL- RASOOL M. MASAEED TRADING SERVICE EST.

शहर: Jubail

पूर्व स्वीकृत मितिः २०७८/०३/२७ चलानी नं.: ६०१६००५३ LT. No.: 241963 पून विज्ञापन

